## चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्या : २ अवलचिङ्ग, सुर्खेत मितिः २०८३।०५।०८

## भाग-२

चिङ्गाड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## अवलचिङ्ग, सुर्खेत

### सूचना

चिङ्गाड गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### चिङ्गाड गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८३

सम्बत् २०८३ सालको निर्देशिका नं. २

कार्यपालिकाबाट पारित मितिः २०८३।०५।०५
प्रमाणीकरण मितिः २०८३।०५।०८

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ बमोजिम उपभोक्ता हित संरक्षणको लागि बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा सो संवैधानिक दायित्व कार्यान्वयन गर्न, स्वच्छ र प्रतिस्पर्धात्मक बजार प्रणाली कायम गरी उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको शुद्धता, गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा सञ्चय स्थल, थोक तथा खुद्रा विक्रि

स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, कर चुक्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन, बजारीकरण लगायतका व्यापारिक क्रियाकलापको नियमित रूपमा नियमन तथा प्रभावकारी अनुगमन गर्न वाञ्छनीय भएकोले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६४ (२) को बमोजिम गाउँ कार्यपालिकाबाट पारित गरी यो निर्देशिका लागु गरीएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम “चिङ्गाड गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०८३” रहेको छ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “बजार अनुगमन समिति” भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठन गरेको बजार अनुगमन समिति सम्झनु पर्दछ।

(ख) “उपभोक्ता हित संरक्षण समिति” भन्नाले गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित समिति बुझ्नुपर्दछ।

(ग) “कार्यालय” भन्नाले चिङ्गाड गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) “प्रदायक” भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्रि वितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

(ङ) “वस्तु” भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(च) “विक्रेता” भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ। सो शब्दले होटल, लज, होस्टेल, खाजाघर संचालक आदिलाई समेत जनाउने छ।

(छ) “सेवा” भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तीय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर/परिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ।

## परिच्छेद - २
## उपभोक्ता हित संरक्षण समितिः

३. उपभोक्ता हित संरक्षण समितिः उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत ब्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एवं समन्वय गर्नको लागि गाउँपालिकामा देहायबमोजिम उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछः

(क) उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) आर्थिक समितिका संयोजक -सदस्य

(घ) स्थानीय प्रहरी चौकीको प्रमुख वा प्रतिनिधि -सदस्य

(ङ) खाद्य, गुणस्तर, औषधि/जनस्वास्थ्य/उद्योग वाणिज्य हेर्ने (उपलब्ध भए सम्मका क्षेत्रगत विषय हेर्ने) शाखाका प्रमुख वा प्रतिनिधि -सदस्य

(च) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य

(छ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरू मध्येबाट संयोजकले तोकेको एक जना महिलासहित दुई जना -सदस्य

(ज) गाउँपालिकाको उद्योग तथा उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख -सदस्य सचिव

४. उपभोक्ता हित संरक्षण समितिका काम कर्तव्य र अधिकारः

(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीतिगत ब्यवस्था गर्ने।

(ख) अत्यावश्यक बस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

(ग) समितिले यस निर्देशिकाको दफा ७(१) अनुसार गठित बजार अनुगमन समितिद्वारा अनुसूची-१ को फारममा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(घ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(ङ) बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गर्ने र बजार अनुगमन समितिलाई आवश्यकता अनुसार मार्गदर्शन गर्ने,

(च) गाउँ कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने।

(छ) उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानूनी कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने।

५. उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी कार्यविधिः (१) उपभोक्ता हित संरक्षण समितिको बैठक कम्तीमा तीन महिनामा एकपटक बस्नु पर्नेछ।

(२) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ। यसरी बैठक वस्दा कम्तीमा ७२ घन्टा अगाडि बैठकको विषयबस्तु सहितको सूचना सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद - ३
## बजार अनुगमन सम्बन्धी व्यवस्थाः

६. वस्तु वा सेवा उपभोक्ता मैत्री बनाउनेः (१) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्न कार्यालयमा उद्योग तथा उपभोक्ता हित संरक्षण शाखाको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने।

(२) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित वाणिज्यसम्बन्धी कानूनको कार्यान्वयनमा जोड दिने,

(३) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(४) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा कार्यालय देखि नै उपभोक्ता सचेतनाका कार्यक्रमहरू संचालन गर्ने,

(५) गाउँपालिका अन्तर्गत स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल विजक तथा बिक्रिको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको अनुगमन गर्ने।

(६) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल, पेय पदार्थ लगायतका खाद्य वस्तुको बिक्रि स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने।

७. बजार अनुगमन समिति गठनः (१) वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवं आकस्मिक अनुगमन, निरीक्षणको लागि देहायबमोजिमको बजार अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | - संयोजक |
| ख. सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि (उपलब्ध भएसम्म) | - सदस्य |
| ग. स्थानीय प्रशासनको प्रतिनिधि (उपलब्ध भएसम्म) | - सदस्य |
| घ. स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि | - सदस्य |
| ङ. उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरू मध्येबाट एक जना | - सदस्य |
| च. उद्योग वाणिज्य संघको प्रतिनिधि (उपलब्ध भएसम्म) एक जना सदस्य | - सदस्य |
| छ. पत्रकार महासंघको प्रतिनिधि वा संचारकर्मी मध्येबाट एक जना | - सदस्य |
| ज. उद्योग तथा उपभोक्ता हित संरक्षण क्षेत्र हेर्ने शाखाको प्रमुख | -सदस्य सचिव |

(२) बजार अनुगमन समितिमा कम्तीमा ५ जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गर्नुपर्नेछ। तर कुनै विषयगत क्षेत्रको अनुगमन गर्ने कार्यमा सम्बन्धित विषयगत क्षेत्रको विज्ञ प्रतिनिधि अनिवार्य रूपमा समावेश गराउनु पर्नेछ।

(३) उद्योग तथा उपभोक्ता हित संरक्षण हेर्ने शाखाले मासिक रूपमा अनसूची-१ को ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

८. बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकारः बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(१) बजार अनुगमनको पूर्व कार्ययोजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि उपभोक्ता हित संरक्षण समितिमा पेश गर्ने,

(२) स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(३) वस्तु वा सेवाको उत्पादन, दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(४) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलेमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए नभएको अनुगमन गर्ने,

(५) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट वा गुणस्तरहिन) कम तौल भएको देखिएमा वा भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(६) उपभोक्ता हित संरक्षण समितिबाट दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने।

९. बजार अनुगमन कार्यविधि: (१) बजार अनुगमन समितिले बजार अनुगमन गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछ:

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानूनबमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र, खाद्य अनुज्ञापत्र, औषधि पसल दर्ता प्रमाणपत्र, व्यवसाय कर दर्ता प्रमाणपत्र लगायतका आवश्यक कागजातहरू लिएको छ/छैन हेर्ने। साथै प्रमाणपत्र नियमित रूपमा नवीकरण भए/नभएको हेर्ने। प्रमाणपत्र नलिएको वा नवीकरण नगरेको र व्यवसाय कर नतिरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने। नराखेको भए ७ दिनभित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने।

(ग) प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखेको छ/छैन हेर्ने। नराखेको भए ५ दिन भित्रमा राखि कार्यालयलाई सो को जानकारी दिन लिखित निर्देशन दिने।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर तथा तौल ठिक छ/छैन हेर्ने,

(ङ) प्याकेजिङ गरीएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरीएको छ/छैन हेर्ने,

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने। औषधिविज्ञ (फार्मासिष्ट) औषधि बिक्री स्थलमा भए/नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेर्ने।

(छ) उपभोग्य मिति नाघेको औषधि, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ वा छपाई गरेको छ/छैन हेर्ने। पुनः लेबलिङ वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रिस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने। नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने।

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको विलविजक जारी गरेको छ/छैन हेर्ने। विल अनिवार्य गर्न निर्देशन दिने।

(२) गाउँपालिकाले अनुसूची-२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्न उद्योग तथा उपभोक्ता हित संरक्षण हेर्ने शाखालाई लिखित कार्य विवरण तोक्नुपर्नेछ। सोही आधारमा बजार अनुगमन समितिले बजार अनुगमन सम्बन्धी कार्य गर्नु पर्नेछ।

(३) उद्योग तथा उपभोक्ता हित संरक्षण हेर्ने शाखाले अनुसूची-६ बमोजिम विवरण तयार गरी गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद - ४

## उजुरी सम्बन्धी व्यवस्था:

१०. उजुरी दिन सक्नेः (१) कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै पनि व्यक्तिले उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन समिति वा उद्योग तथा उपभोक्ता हित संरक्षण हेर्ने शाखामा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई समेत उजुरीको रूपमा ग्रहण गर्नुपर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सो लाई समेत उजुरीको रूपमा ग्रहण गरी बजार अनुगमन समितिले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बजार अनुगमन समितिले गरेको काम कारवाहीमा चित्त नबुझेमा विक्रेताले उपभोक्ता हित संरक्षण समिति समक्ष लिखित रूपमा उजुरी दिन सक्नेछ।

## परिच्छेद - ५

## अनुगमन सम्बन्धी प्रक्रिया:

११. अनुगमनको पूर्व तयारीः बजार अनुगमन समितिले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछः

(१) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ।

(२) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ।

(३) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ।

(४) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ।

१२. बजार अनुगमन गर्ने प्रक्रियाः (१) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचयपत्र देखाई बजार अनुगमन गर्नुपर्नेछ। अनुगमन समितिका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा बिरोध गरेमा बाधा बिरोध गर्नेलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ।

(३) बजार अनुगमन समितिले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित वाणिज्य सम्बन्धी कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ। सम्बन्धित व्यवसायीले मुचुल्का दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथाशीघ्र सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनुपर्नेछ।

(४) अनुगमन समितिले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधी तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ।

(५) बजार अनुगमन समितिले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखि अरू प्रचलित वाणिज्य कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ। संकलित नमूना आवश्यकता अनुसार परिक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ।

१३. दण्ड जरिवाना: (१) बजार अनुगमन समितिले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ। खानतलासीबाट वस्तु वा सेवाको बिक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता बस्तु अनुगमन समितिले कब्जामा लिई नियमानुसार कारवाही बढाउनेछ।

(२) अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन समितिले सम्बन्धित व्यवसायीसँग तुरून्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ।

(३) अनुगमन समितिको प्रतिवेदन वा नमूना परीक्षणबाट गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा प्रचलित वाणिज्य कानूनबमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न उपभोक्ता हित संरक्षण समितिबाट निर्णय गराई यथाशीघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखि आएमा सम्बन्धित अधिकारीले प्रचलित वाणिज्य कानूनबमोजिम प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम अनुगमन समितिले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ।

(६) अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा प्रचलित कानूनबमोजिम नमूना संकलन गर्नुपर्नेछ।

(७) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा प्रचलित कानूनबमोजिम गर्नुपर्नेछ।

(८) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन समितिले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको एकीन गरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ। यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ।

(९) उपदफा (८) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा बजार अनुगमन समितिले सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ। सुधार भएको नपाइएमा वाणिज्य कानूनबमोजिम कारवाही अगाडि बढाउनेछ।

(१०) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices), वाणिज्यद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नुपर्नेछ।

## परिच्छेद-६
## आचार संहिता:

१४. आचार संहिता: बजार अनुगमन समितिले निम्न बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ:

(१) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरीने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन।

(२) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन।

(३) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन।

(४) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन।

(५) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन।

(६) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन समितिको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन समितिमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन्।

(७) बजार अनुगमन गर्दा अनुगमन समितिका सदस्यहरू मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन।

(८) अनुगमन समितिका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानूनबमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए समितिबाट हटाई प्रचलित वाणिज्य कानूनबमोजिम कारबाही गर्न सकिनेछ।

(९) मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन्। तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नुपर्नेछ।

## परिच्छेद - ७
## विविध:

१५. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः (१) गाउँपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नुपर्नेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारबाट बजार अनुगमनका लागि बजेट प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ।

(३) वार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नुपर्नेछ।

(४) बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकलाई वस्तुको मूल्य भूक्तानी गरी बिल लिनुपर्दछ।

(५) बजार अनुगमनमा खटिएका समितिका सदस्यहरूलाई खाना र खाजा खर्च वापत प्रति व्यक्ति एक हजार रूपैयाँ उपलव्ध गराउनु पर्नेछ।

१६. स्थानीय प्रशासनको कर्तव्यः बजार अनुगमन गर्दा अनुगमन समितिले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

१७. असल नियतले गरेका काम बचाऊः यस निर्देशिका बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा समितिका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन।

१८. प्रचलित कानून बमोजिम हुनेः (१) यस निर्देशिकामा भएको कानूनी व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुऱ्याएको मानिने छैन।

१९. दण्ड सजायः बजार अनुगमनबाट दोषी पाइएका व्यवसायी उपर प्रचलित वाणिज्य कानूनबमोजिम कानूनी कारवाही र दण्ड सजाय गर्नु पर्नेछ।

२०. प्रतिवेदनः (१) बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन अनुसूची-१ अनुसार तयार गर्नुपर्नेछ।

२१. बाधा अड्काउ फुकाउने अधिकारः यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण समितिको सिफारिसमा गाउँ कार्यपालिकामा हुनेछ।

२२. संशोधनः यस निर्देशिकामा थपघट गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

अनुसूची-१
(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

श्री चिङ्गाड गाउँपालिकाको कार्यालय,
............................ सुर्खेत।

विषयः बजार अनुगमनको मासिक प्रतिवेदन।

आज मिति ......../...../.... देखि ..../..../.... सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति /बस्तुहरू | अनुगमनको विवरण (परिणाम, अवस्था र अन्य कुरा) व्यवसायिक प्रतिष्ठान/संस्था | सामानको जफत/बरामदी नाम/परिणाम | नष्ट गरिएको बस्तु/नाम /परिणाम | सिलबन्दी गरिएको मात्रा/संख्या | नमुना संकलन गरिएको मात्रा/संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बोधार्थः
श्री संयोजकज्यू
उपभोक्ता हित संरक्षण समिति

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

(अ) अनुगमन गरिने वस्तुको वर्गीकरणः बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ।

**समूह "क" खाद्यान्न माछा/मासुजन्य/तरकारी/फलफूल/दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि,

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ विक्री वितरण गरिने विक्रीस्थल र भण्डारगृह वा संचय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(८) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,

(९) माछा, मासु, अण्डा,

(१०) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, टिमुर, लसुन, धनिया, बेसार, ज्वानो, मेथि ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह "ख" औषधि एवं स्वास्थ्य सेवा**

(१) औषधि तथा औषधिजन्य पदार्थहरू (पशुपंक्षी औषधि तथा जडिबुटीमा आधारित औषधि समेत),

(२) औषधि उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरीने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरू।

**समूह "ग" रासायनिक मल/विषदी/विउ बिजन/कृषि औजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरू,

**समूह "घ" इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

**समूह "ङ" निर्माण सामग्रीः**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल।

## समूह "च" शैक्षिक सामग्रीः

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरू।
(२) शिक्षा निर्देशिका अनुसार विद्यालयहरूको शूल्क आदि।

## समूह "छ" होटल, लज, रेष्टुरा, खाजाघर, चमेना गृह, लजः

(१) होटल, रेष्टुरा, खाजाघर, चमेना गृह, लजको सरसफाइ तथा अन्य व्यवस्थापन
(२) प्रशोधित र अप्रशोधित वस्तुहरूको भण्डारण
(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ,

## समूह "ज" सुर्तिजन्य पदार्थः

(१) सुपारी, पानपराग, सुर्ती, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ।

## समूह "झ" नाप तौलः

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू।

## समूह "ञ" पशुपंक्षी हाट बजारः

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल।

## समूह "ट" सौन्दर्य सामाग्रीः

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरू
(२) व्यूटि पार्लर/सैलुन आदि।

## समूह "ठ" विद्युतीय सामानहरुः

(१) विद्युतीय सामानहरू,
(२) इलेक्ट्रनिक्स सामानहरू।

## समूह "ड" रङ्गरोगनः

(१) विभिन्न कम्पनीका भवन सम्बन्धी रङ्ग र रङ्ग रोगन सम्बन्धी सामग्रीहरू।

## समूह "ढ" गरगहनाः

(१) सुन, चाँदी, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरूको नापतौल एवं गुणस्तर।

## समूह "ण" सवारी साधन

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगर बस आदिको भाडा आदि।

## समूह "त" अन्यः

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

(आ) अनुगमन गरिने सेवाको विवरणः

(१) व्यापारिक सेवा,
(२) सञ्चार सेवा,
(३) स्थल यातायात तथा हवाई सेवा,
(४) बिद्युत सेवा,
(५) खानेपानी सेवा,
(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,
(७) स्वास्थ्य सेवा,
(८) शिक्षा सेवा,
(९) वित्तीय सेवाहरू

अनुसूची-३
(दफा ९ सँग सम्बन्धित)
चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
..................................................., सुर्खेत
कर्णाली प्रदेश, नेपाल

दैनिक बजार अनुगमन फाराम:

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवशायीलाई दिनु पर्नेछ)

व्यापारिक प्रतिष्ठानको नामः श्री मिति:

ठेगानाः दर्ता निकाय:

सञ्चालक वा फर्म धनीको नामः कारोवार:

फोन नं.: पुँजी:

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन समितिबाट तपाईको विक्रीस्थल/गोदाम/उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ।

| क्र.सं. | विवरण | भएको | नभएको | समितिबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १ | मूल्य सूची | | | |
| २ | साइनबोर्ड | | | |
| ३ | व्यवसाय दर्ता/नवीकरण | | | |
| ४ | नापतौलको प्रमाण | | | |
| ५ | लेबलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए/नभएको | | | |
| ६ | म्याद नाघेको बस्तु वा सामाग्री | | | |
| ७ | स्थायी लेखा (PAN) र VAT मा दर्ता भए/नभएको | | | |
| ८ | बिक्री बिल दिने प्रक्रिया भए/नभएको | | | |
| ९ | खाद्य अनुज्ञापत्र (खाद्य उद्योगका लागि) | | | |
| १० | मासुको गुणस्तर सन्तोषजनक भए/नभएको | | | |
| ११ | मिठाइ तथा अन्य खाद्य बस्तुको | | | |

| | | | | |
|---|---|---|---|---|
| | गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक भए/नभएको | | | |
| १२ | ग्याँस तथा इन्धनको तौल, मूल्य, गुणस्तर लगायतका विषयहरू सातोषजनक भए नभएको | | | |
| १३ | खरिद बिल भए/नभएको | | | |
| १४ | यस अगाडीका निर्देशनहरू पालना भए/नभएको | | | |
| १५ | कर चुक्ता भए नभएको | | | |
| १६ | म्याद नाघेका बस्तु तथा फोहोर व्यवस्थापन मापदण्ड बमोजिम भए/नभएको | | | |
| १७ | अन्य कैफियतपूर्ण स्थिति (भए खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित वाणिज्य कानून बमोजिम कडा कारबाही हुनेछ।

निरीक्षण समिति

१. संयोजक श्री ............................

२. सदस्य श्री ............................

३. सदस्य श्री ............................

४. सदस्य श्री ..............................

५. सदस्य श्री................................

................

मथि उल्लेखित विवरण ठीक छ भनी उत्पादक/बिक्रेताको नाम र सही:

उत्पादक/बिक्रेताको छाप:

अनुसूची-४

(दफा १३ सँग सम्बन्धित)

मुचुल्का

सुर्खेत जिल्ला चिङ्गाड गाउँपालिका ................... वडा नं. ...... टोल.......मा खडा गरेको घटनास्थल बरामदी/खानतलासी/शिलछाप लगाएको मुचुल्काः

१. उजुरी वा सूचनाको छोटकरी विवरणः

२. चार किल्ला सहित खानतलासी/बरामदी गरीएको चिज वस्तुको नमुना तथा ठाउँको विवरणः

३. बरामद भएको सामान/दसीको विवरण/शिलछाप गरीएको विवरणः

(क)

(ख)

(ग)

(घ)

४. खानतलासी/बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षी (नाम, वतन समेत):

(क)

(ख)

(ग)

५. रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः

(क)

(ख)

(ग)

६. बजार अनुगमन समितिले मेरो उद्योग, गोदाम, पसल, फार्ममा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन। माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू ....... ...........उद्योग, गोदाम, पसल, फार्मबाट बरामद भएको हो। साथै टोलीले लगाएको सिल थान..........छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्नेः

(क)

(ख)

(ग)

७. कार्य तामेली गर्नेः

(क)

(ख)

(ग)

मितिः

समयः

अनुसूची-५

दफा १३ सँग सम्बन्धित

तारेख भरपाई

पक्षः.....................

विपक्षः जिल्ला ................................ गाउँपालिका ...................... वडा नं. ................ स्थायी घर भई हाल ............................................ जिल्ला ............................. गाउँपालिका वडा नं....................बस्ने श्री .....................................का नाती/नातिनी श्री ................................ का छोरा/छोरी बर्ष ............................... को ..................................................नामक व्यवसायका सञ्चालक श्री .................................. सम्पर्क नं. .................।

<u>तारेख</u>

मिति ........साल ....... महिना .... गते ..........रोज दिनको समय ..................बजे उपस्थित हुनेछु भनि सही छाप गर्ने।

हस्ताक्षरः

नामः

मिति...................... साल..................... महिना...................... गते ......... रोज दिनको समय .......... बजे उपस्थित हुनेछु भनि सही छाप गर्ने।

हस्ताक्षरः

नामः

मिति ....................... साल ...................... महिना ....................... गते ......... रोज दिनको समय .......... बजे उपस्थित हुनेछु भनि सही छाप गर्ने।

हस्ताक्षरः

नामः

अनुसूची-६
(दफा ९ सँग सम्बन्धित)
चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
........................................, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

विषयः दैनिक बजार अनुगमन विवरण।

यस गाउँपालिकाको दैनिक बजार अनुगमन कार्यतालिका र प्राप्त उजुरीका आधारमा मिति ................।...।.... गते खटिएको बजार अनुगमन समितिले गरेको अनुगमन निरीक्षण सम्बन्धी विवरण देहाय अनुसार भएको बेहोरा सादर अनुरोध गर्दछु।

| क.सं. | उद्योगी/व्यवसायको नाम | उद्योगी/व्यवसायीको नाम | देखिएको कैफियत | कारबाहीको व्यहोरा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत